# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन ११ गते २०११ साल [ अतिरिक्ताङ्क

भाग १

श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट बक्सेको

## शाही घोषणा

**आफ्ना प्यारा देशवासीहरूको यथोचित,**

वर्तमान मन्त्रिमण्डलको प्रधान मन्त्री श्रीमातृकाप्रसाद कोइरालाले राजिनामा पेश गरेकोले,

प्रजातान्त्रिक तरिकाले देशका राजनैतिक तथा सामाजिक संस्थाहरूको सुझाव र यथाशक्य जनताको आवाजलाई महत्व दी प्रजातान्त्रिक तरिकाले छलफल गरेर सल्लाह गरी जो उचित ठहरिएला, सोबमोजिम यथाशीघ्र जनताको विश्वासपात्र भै देशको हित गर्ने योग्य मन्त्रिमण्डल खडा गर्न केही समय लाग्ने भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अहिलेको हाम्रो देशको परिस्थितिमा शासन व्यवस्थालाई धेरै दिन अनिश्चित रूपमा राखी छाड्नाले काममा हानि र सुस्ती आउने सम्भावना भएकोले ,

हालबाई देशको हितलाई नै दृष्टिगोचरमा राखी श्री ५ महाराजाधिराज बुबाज्यूबाट हामीलाई बक्सेको शाही अधिकारको आधारमा वर्तमान मन्त्रिमण्डलले गरेको सहयोग र सहायताको लागि हार्दिक धन्यबाद दिंदै आजदेखि यो मन्त्रि-मण्डल विघटन गरी देशको शासन व्यवस्थाको अभिभारा हामीबाट लीबक्सेका छौं ।

हाम्रो आन्तरिक आशा र आव्हान छ कि मुलुकको राजनैतिक, सामाजिक संस्थाहरू एवं देशवाशीहरू र सरकारी जङ्गी तथा निजामती कर्मचारीहरू सबैले यथाशक्य मातृभूमिको हितको लागी आफ आफ्ना स्थानबाट उच्चतम सहयोग प्रदान गरून् । सबैको सफलताको लागी श्रीपशुपतिनाथसँग हार्दिक प्रार्थना छ ।

जय नेपाल !

नारायणहिटी दरबार,
इति संवत् २०११ साल फाल्गुन १९ गते रोज ४ शुभम ।

हुकुम बक्सेबमोजिम
मी. सु. हंसमानसिंह,
श्री ५ महाराजाधिराजको — सेक्रेटरी.

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी.

मुद्रण विभाग, सिंहदरबार
304
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।